# गन्तव्य गन्यापधुरा






**गन्यापधुरा गाँउपालिका,**

**गाँउकार्यपालिकाको कार्यालय**

**गणेशपुर डडेल्धुरा**

## गन्यापधुरा गाँउपालिका एक परिचय




सुदुरपश्चिम प्रदेशको डडेल्धुरा जिल्लामा रहेको साविक असिग्राम गा.वि.स., गणेशपुर गा.वि.स., मष्टामाण्डौ गा.वि.स. र कैलपालमाण्डौ गा.बि.स.लाई समावेश गरी गन्यापधुरा गाँउपालिकाको स्थापना गरिएको हो । २९ डिग्री २१ मिनेट उत्तरी आक्षांश देखि २० डिग्री ४२ मिनेट उत्तरी अक्षांश र ८० डिग्री ६५ मिनेट पुर्वि देशान्तर देखि ८० डिग्री ७८ मिनेट पुर्वि देशान्तरमा गन्यापधुरा गाउँपालिका अबस्थित रहेको छ ।

यस गन्यापधुरा गाउँपालिकाको जनसङ्ख्या १५०९३ र यसको क्षेत्रफल १३५.६५ वर्ग कि.मि. रहेको छ ।

डडेल्धुरा जिल्लाको प्राचिन समयमा पश्य गर्खा क्षेत्रमा पर्ने सबै हिन्दुहरुको धार्मिक एबं सास्कृतिक आस्थाको धरोहरका रुपमा रहेको शिखर (गन्याप) देवताको नामबाट गन्यापधुरा नामाकरण गरीएको हो । खास गरी यस गाउँपालीका अन्तर्गत असिग्राम, गणेशपुर, कैलपालमाण्डौ र मष्टामाण्डौ लगायत सुदुरपश्चिम क्षेत्रकै सबै जातजातीको आस्थाको धरोहरको रुपमा रहेको गन्याप देवता शक्तिपीठ मध्ये एक हो ।

यस गाउँपालीकाको पुर्व मा डोटि जिल्लाको शिखर नगरपालीका, पश्चिममा डडेल्धुरा जिल्लाको अमरगढी नगरपालीका र आलिताल गाँउपालीका, उत्तर मा डडेल्धुरा जिल्लाको नबदुर्गा गाउँपालीका र दक्षिण मा आलिताल गाउँपालीका र डोटि जिल्लाको जोरायल गाउँपालीका रहेको छ ।

# धार्मिक, ऐतिहासिक,सास्कृतिक एबं पर्यटकिय क्षेत्र
# गन्यापधुरा गाँउपालिकामा
# यहाँहरु लाई हार्दिक स्वागत गर्दछौं ।



इन्द्रबहादुर काकी
अध्यक्ष
गन्यापधुरा गाँउपालिका



ज्ञानु सेटी ढेउवा
उपाध्यक्ष
गन्यापधुरा गाँउपालिका



दिलिप तामाङ्ग
प्रमुख प्रशासकीय अधिकृत
गन्यापधुरा गाँउपालिका

# मनतव्य



**इन्द्रबहादुर काकी**
**अध्यक्ष**
**गन्यापधुरा गाँउपालिका, डडेल्धुरा**

गन्यापधरा गाउँपालिका नेपालको सुदुरपश्चिम प्रदेश अन्तर्गत डडेल्धुरा जिल्लामा पर्दछ । संघीय राजधानी काठमाडौँबाट पश्चिम-उत्तर मा १३५.९३ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस गाउँपालिकाको पूर्वमा डोटीको शिखर नगरपालिका, पश्चिममा डडेल्धुराको अमरगढी नगरपालिका, उत्तरमा नवदुर्गा गाउँपालिका छन भने दक्षिणमा आलिताल गाउँपालिका र डोटीको जोरायल गाउँपालिका पर्दछन । साविकका असिग्राम, गणेशपुर, मष्टामाण्डौं र कैलपालमाण्डौ गरी चार वटा गा.वि.स मिलाई पाँच वडामा विभाजन गरेर गाउँपालिका स्थापना गरिएको हो ।

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषिक, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण गन्यापधुरा गाउँपालिकामा रहेका धार्मिक, ऐतिहासिक तथा रमणीय पर्यटकीयस्थलहरू, स्थानीय कला, संस्कृति र भेषभूषा झल्किने तस्बीरसहितको पुस्तिका प्रकाशन गरेर यँहाहरूको हातमा पुऱ्याउन पाउँदा खुसी लागेको छ । गन्यापधुरा गाउँपालिकाको बारेमा जिज्ञाशा राख्नुहुने सबैलाई पुस्तक उपयोगी हुने विश्वास लिएको छु । सूचना प्रविधिमा भएको अभूतपूर्व विकासले समस्त विश्वनै एउटा गाउँको रूपमा परिणत हुँदै गइरहेको वर्तमान अवस्थामा गन्यापधुरा गाउँपालिकामा रहेका सम्पदाहरूको संक्षिप्त जानकारीसहितको यस प्रकाशनले गाउँपालिकामा आन्तरिक तथा वाह्य पर्यटकहरूलाई आकर्षित गर्ने अपेक्षा लिएका छौं । गन्यापधुरा गाउँपालिकाका विविध पक्षहरूको तस्बीरसहित जानकारी संकलन गरेर पुस्तिकाका रूपमा तयार गर्न अथक मिहेनत गर्ने झिल्को मिडिया एण्ड कन्सलटेन्सी सर्विस प्रा.लि. डडेल्धुरा र सम्वद्ध सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

# मनतव्य



**ज्ञानुकुमारी सेटी देउवा**
**उपाध्यक्ष**
**गन्यापधुरा गाँउपालिका, डडेल्धुरा**

पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । मुलुकको अर्थतन्त्रमा सुधार ल्याउने भनेकै पर्यटन हो । आन्तरिक र बाह्य दुवैथरी पर्यटकलाई तान्न सक्ने हो भने व्यक्ति समाज र राष्ट्रको आर्थिक स्थितिमा छलाङ मार्न सकिने कुरामा दुईमत छैन । प्रचारप्रसार र उचित व्यवस्थापन गर्न सकिएमा गन्यापधुरा गाउँपालिका पर्यटनको केन्द्रविन्दु बन्नसक्ने अपार सम्भावना छ । यस प्रयोजनार्थ गन्यापधुरा गाउँपालिकामा रहेका विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक छ । गन्यापधुरा गाउँपालिकामा रहेका महत्वपुर्ण सम्पदाहरू र यँहाको रितीथिती, कला, संस्कृति, परम्परा, प्रशिद्ध धार्मिकस्थलहरू र सम्भाव्य पर्यटकीयस्थलहरूको प्रचारप्रसारमा टेवा पुगाउने उदेश्यले यो पुस्तिका तयार गरिएको हो । यस प्रकाशनलाई यँहाहरूको हातसम्म पुऱ्याउन योगदान पुगाउनुहुने सबैलाई हार्दिक धन्यवाद दिदैं गन्यापधुरा गाउँपालिकामा पर्यटक प्रवर्द्धनका लागि निकै उपयोगी हुने विश्वास ब्यक्त गर्दछु ।

# गन्यापधुरा गाँउपालिकाका वडा अध्यक्षहरू



**नरेश भण्डारी**
**वडा अध्यक्ष**
**वडा नं. १**
९७४२४१३८६८



**मनोज देउवा**
**वडा अध्यक्ष**
**वडा नं. २**
९८५१३३२४४७



**चक्र बहादुर देउवा**
**वडा अध्यक्ष**
**वडा नं. ३**
९८६९३३६४२८



**नरेन्द्र कुमार भट्ट**
**वडा अध्यक्ष**
**वडा नं. ४**
९८४८७६५५१०



**चन्द्र प्रसाद रोश्यारा**
**वडा अध्यक्ष**
**वडा नं. ५**
९८४८७१०२५८





## गन्याप अर्थात शिखर मन्दिर

महाभारत पर्वत श्रृंखलामा अवस्थित गन्याप देवताको मन्दिर क्षेत्र निकै रमणीय र मनोरम भएकाले कान्छो खप्तड भनेर चिनिन्छ । डडेल्धुरा मात्रै नभई डोटीको घण्टेश्वरदेखि लोखाडीगाडसम्मका बासिन्दाहरुले आराध्य देवताका रुपमा पूजाअर्चना गर्ने गन्याप देवताकाको मन्दिर रहेकै शिखर धुराको नामबाट गन्यापधुरा गाउँपालिकाको नामाकरण गरिएको छ । रुमाइल गाउँमा गन्याप देवताको जन्म भएको र पछि ठूलो भएर सर्पको भेषमा हाल गन्याप मन्दिर रहेको ठाउँ शिखरमा गई विलिन भएको किंवदन्ती छ । शिखरमा भएको बिशाल शिलाको चारैतिर अहिले पनि सर्पको आकृति देख्न सकिन्छ । भगवान शिवपुत्र गणेशका रुपमा गन्याप देवताको पूजा आरम्भ भएपछि मात्रै सुदूरपश्चिममा हरेक वर्ष लाग्ने जात्राहरुको सुरुवात हुन्छ । गन्याप मन्दिरको दर्शन गरेमा हरेक मनोकामना पूरा हुने जनविश्वास छ ।







## लाटा गन्याप मन्दिर

डडेल्धुरा जिल्लाको गन्यापधुरा गाँउपालिका वडा नं.२ स्थित लाटागन्यापको मन्दिर यस क्षेत्रकै पर्यटकिय गन्तव्यहरु मध्येको एक हो । यस क्षेत्रमा चौलो नृत्यको लागी प्रख्यात “बडाल मेला” लाग्ने गर्दछ । बडालमेलामा स्थानिय बाजागाजा, भोक्कर,गुर्जा, खुकुरी र हातहातमा तरवार नचाएर खेल खेलिने हुँदा बडाँलमेला यो क्षेत्रको मात्र नभएर सुदूर पश्चिम भरीमै प्रशिद्धि कमाएको छ । हरेक बर्ष कार्तिक शुक्लदशमीको दिन राती र एकादशीको दिन दिउसो लाग्ने बडाल मेला भर्न जिल्ला तथा सुदूरपश्चिमका तिर्थालु हरु यहाँ पुग्ने गर्दछन् ।



## कैलपालमाण्डौं मन्दिर

गन्यापधुरा गाउँपालिका वडा नं. ४ जैसेरामा प्रशिद्ध कैलपालमाण्डौं रहेको छ। राजा नागी मल्लबाट जैसेरा विर्ता पाएका पण्डित जैराज पनेरु तिहार लगत्तैको पञ्चमी तिथीमा कैलपाल देवताको पूजा गर्न हालको परशुराम नगरपालिका-३ स्थित थपला गाउँ पुग्ने गरेको किंवदन्ति छ। उमेरले आठौं दसक टेकेसँगै कैलपाल देवताको पूजाका क्रममा अको बर्ष आउन भ्याएन भने पनि क्षमा दिनु होला भनी बिन्ती गरेका बेला कैलपाल देवता प्रकट भएर जैराज पनेरुका दुबै छोरा बोलाई दुबैलाई देवताको घण्ट (घाँट) दिएको र एउटालाई कालो रंङ्ग र अर्कोलाई पहेलो घाँट दिएका थिए। समय फुर्सद मिलाएर पूजागर्न आउन नसके यसैलाई कैलपाल मानेर पुजा गर्नु भनेपछि त्यहिँबाट जैसेरा फर्केका पनेरुले त्यहाँ कैलपालको मन्दिर बनाएर पुजाआजा गर्न थालेका हुन। असारमा असारे जाँतको नाममा पुजा हुने यो मन्दिरमा तिहार पछीको षष्ठीको दिन राती र सप्तमीको दिन दिउसो  भव्य मेला लाग्ने गर्दछ।



## असिग्राम मन्दिर रुवाखोला

गन्यापधुरा गाउँपालिका-१ मतकट्टे रुवाखोलामा प्रशिद्ध अशिग्राम देवताको मन्दिर छ । अशिग्राम देवताका धामी छैनन् । भँराडी कौडिन्य गोत्रका जोशी ब्राह्मण र पूजारी भार द्वाज गोत्रका भण्डारी छन । अशिग्राम देवतालाई अशिउ देवता पनि भन्ने चलन छ । यी देवताको जाँत कार्तिक शुक्ल चर्तुदशीमी हुन्छ भने पूजा यसै दिनको राती हुन्छ । यस क्षेत्रका देवताहरूमा जेठो अशिग्रामलाई मानिन्छ । डडेल्धुरा जिल्लाको लुलान गर्दा हालको आलिताल गाउँपालिका-२ स्थित गाङ्खेत गाउँको पूर्वपट्टि नदीको किनारमा पानी घट्टको पत्थरबाट असिग्राम देवताको उत्पति भएको किवंदन्ती छ ।





## लाटाकलारी गन्याप देवताको मन्दिर, चम्साल

गन्यापधुरा गाँउपालिकाको वडा नं.२ मा रहेको लाटाकलारी गन्याप देवता लाई यस क्षेत्रको प्रमुख मन्दिरहरु मध्ये मानिन्छ। विभिन्न समयमा लाग्ने मेलाहरुमा भक्तजनहरु विशेष गरी डडेल्धुरा र डोटी बाट समेत यहाँ पुग्ने गर्दछन्। विभिन्न समयमा लाग्ने मेलामा हात हातमा नांगो तरवार नचाएर चौलो नृत्य प्रदर्शन गर्ने चलन रहदै आएको छ।



## मुण्ठा देवताको मन्दिर

गन्यापधुरा गाँउपालिकाको वडा नं.५ मा रहेको मुण्ठा देवता लाई यस क्षेत्रका बासिन्दाहरुले निकै श्रद्धाको भावले हेर्ने गर्दछन् । यस क्षेत्रमा विभिन्न पर्वहरुको ढोका गन्याप अर्थात शिखर मन्दिरमा पुजा लागे पछी सुरु हुन्छ भन्ने विश्वास लिईन्छ भने मुण्ठा देवताको मन्दिरमा शिखर पछी पुजा लाग्ने हुदा यो मन्दिरको पनि विशेष मान्यता रहेको छ ।



## भूमिदेउली मन्दिर

गन्यापधुरा गाँउपालिकाको वडा नं.२ अर्थात बडाल बजार संगै जोडिएर रहेको भूमिदेउली देवताको मन्दिर यो क्षेत्रमा आस्थाका साथ पुजिने मन्दिरहरु मध्येको एक हो । निकै पुरानो मन्दिर मा पछिल्लो समय विभिन्न संरचनाहरुको निर्माण गरी संरक्षण गरिन थालेको छ ।





## चौकामाण्डौ

गन्यापधुरा गाँउपालिका वडा नं.५ पर्ने चौकामाण्डौ मन्दिर डोटि र गन्यापधुरा गाँउपालिकाको सिमानामा रहेको छ। गन्यापको बहिनिको रुपमा चिनिने चौकामाण्डौमा यस क्षेत्रका क्षेत्रमा गन्यापधुरा र डोटीका विभिन्न क्षेत्रका भक्तजनहरु आई पुजा आजा गर्ने गर्दछन्। कार्तिक शुक्ल चतुर्दशीका दिन रतेडी अर्थात रातीको पुजा लाग्ने गर्दछ भने कार्तिक शुक्ल पूर्णिमाको दिन दिउसोको मेला लाग्ने गर्दछ।



## लाटा नंगरी देवताको मन्दिर

गन्यापधुरा गाँउपालिका वडा नं.२ मा पर्ने लाटा नंगरी देवताको मन्दिर यस क्षेत्रको प्रमुख मन्दिरहरु मध्येको एक हो। विच जंगलमा रहेको यो मन्दिरमा वर्षेनी मेला लाग्ने गर्दछ भने विभिन्न समयमा विशेष पुजाअर्चना पनि गर्ने गरिन्छ।



## भागेश्वर देवताको मन्दिर

गन्यापधुरा गाँउपालिकाको वडा नं.२ अर्थात बडाल बजार संगै जोडिएर रहेको भागेश्वर देवताको मन्दिर यो क्षेत्रमा आस्थाका साथ पुजिने मन्दिरहरु मध्येको एक हो । लाटा गन्याप देवताको मन्दिर संगै जोडिएको यो मन्दिरमा विभिन्न समयमा पुजा आजा गर्ने गरिन्छ । यो मन्दिरमा यहाँका कार्कि, भण्डारी, मल्ल , पनेरु जाती लगायतले पूजा गर्ने चलन रहेको छ ।



## मष्टा देवताको मन्दिर

गन्यापधुरा गाँउपालिकाको वडा नं.३ मा रहेको मष्टा देवताको मन्दिर यस क्षेत्रकै निकै प्रशिद्ध मन्दिर मध्येको एक हो । तत्कालीन समयमा यही मन्दिरको नाम बाट मण्टामाण्डौ गाउ विकास समिति भनेर गा.बि.स.को नामाकरण गरिएको थियो । मष्टा देवताको मन्दिर बाहै महिना पुजिने मन्दिरको रुपमा चिनिन्छ भने दशैको समयमा यहाँ विशेष मेला लाग्ने गर्दछ ।





## भागेश्वर मन्दिर भेटा

गन्यापधुरा गाँउपालिकाको वडा नं.१ भेटा गाँउको शिरमा रहेको भागेश्वर मन्दिरमा भगवान शिवको फुटलिङ्गको रुपमा यहाँका श्रद्धालुहरुले पूजाआजा गर्ने गर्दछन । हाल यो मन्दिरमा अवस्थी जातीले पूजा गर्ने र ऐर परिवारले भराडीयाको काम गर्ने गर्दछन् । भागेश्वर मन्दिरमा भदौ चतुर्दशीका दिन भव्य मेला लाग्ने गर्दछ । मन्दिर परिसरमा जान निकै शुद्ध भएर जानु पर्ने धार्मिक संस्कार रहि आएको छ ।



## देवधारो

गन्यापधुरा गाँउपालिका वडा नं.४ मा रहेको यो देवधारो निकै एतिहासिक देखिन्छ। देवधारो अर्थात देवताको धारो अर्थ लाग्ने यो धारो कति समय पहिले वन्यो ? कसले बनायो ? किन बनायो जस्ता प्रश्न अनुत्तरित भए पनि यो धारामा कुदिएको कलाहरु हेर्ने हो भने सदियौँ पहिले निर्माण भएको अनुमान लगाउन सकिन्छ। ईतिहास तथा बास्तुकलामा रुचि राख्नेहरुका लागी देवधारो महत्वपूर्ण गन्तव्य हुन सक्दछ।





## चौलो नृत्य

सुदुरपश्चिममा प्रशिद्ध चौलो नृत्य डडेल्धुराको गन्यापधुरामा विशेष रुपमा नाचिन्छ । यहाँको हरेक मेला हरुमा चौलो नृत्य अनिवार्य जस्तै हो । स्थानिय बाजाको धुनमा हातमा नांगो तरवार नचाउदै गरिने नृत्य लाई चौलो नृत्य भनिन्छ । पश्चिमि क्षेत्रमा निकै रोचक मानिने चौलो नृत्य प्रदर्शन गर्न गन्यापधुरा गाँउपालिकाको टोली सुदूरपशिच्मका विभिन्न जिल्ला सम्म पुग्ने गरेका छन् । यस क्षेत्रमा आयोजना हुने मेला, महोत्सव र अन्य विशेष कार्यक्रमहरुमा चौलो नृत्य लाई अनिवार्य रुपमा नै समेट्ने गरिएको छ । यस क्षेत्रको वडाँल, कैलपाल, अशिग्राम, मष्टामाण्डौ लगायतका क्षेत्रका लाग्ने मेला तथा देउसी भैली कार्यक्रममा समेत चौलो खेल्ने प्रचलन रहि आएको छ ।







## तालको लेक

डडेल्धुराको गन्यापधुरा गाउँपालिका डोटीको जोरायल गाउपालिका तथा शिखर नगर पालिका सम्म फैलिएको तालको लेक पर्यटकिय सम्भावना बोकेको स्थान हो । तालको लेक भनिए पनि अहिले त्यहाँ ठूला पानी जम्ने ताल नभई केवल सिमसारको रूपमा रहे को छ । यस क्षेत्रमा ठुला टुला मैदानहरु र रङ्गीविरङ्गी फूल फुलेका विशाल पाटन, वरपर राईसल्ला, खर्सुका भीमकाय र गगनचुम्वी अम्ला रूख, खप्तडको त्रिवेणी जस्तै स्थानहरु भेट्न सकिन्छ । मिनि खप्तडको रुपमा चिनिने यो क्षेत्र प्राकृतिक सुन्दरताका अलवा जैविक विविधताको दृष्टिकोणले पनि असिमित पर्यटकीय सम्भावना बोकेको पर्यटकीय क्षेत्र हो । यहाँ हाईकिंग, ट्रेकिंग र क्याम्पींगको प्रसस्त सम्भावना रहेको छ ।







## गरगना

सुदूरपश्चिच प्रदेश र कर्णाली प्रदेशमा महिलाहरुले लगाउने गहनाहरु करिव करिव एकै प्रकारका भए पनि कर्णाली प्रदेशको तुलनामा सुदूरपश्चिम प्रदेशमा महिलाहरुले लगाउने गहनाहरु लोप हुदै गईरहेका छन् । सुनका गहना भन्दा पनि चादीका गहना वढी प्रयोग हुने स्थानिय बताउछन् । हवेली, सुता, चुडी, गलबन्ध, नौगेडी, पोते, वाला जस्ता गहनाहरु प्रयोग गर्ने गरिएको भए पनि हाल यि गहनाहरु कसै कसैको घरमा मात्र भेटिने गर्दछ ।

## भेषभुषा

यहाँका स्थानिय महिलाहरुले परम्परागत रुपमा लगाउदै आईरहनु भएको भेषभुषा तथा पहिरनहरुमा पछिल्लो समय केही परिवर्तन आए पनि गन्यापधुरा गाँउपालिकाका केही समुदायहरुमा अझै पनि स्थानिय पहिरन लाई जगेर्ना गरिरहेका छन् । विशेष गरी महिलाहरु गामन, चोलो, फेटा, पटुकी जस्ता पहिरन लगाउने गर्दछन् ।



## शाहुखर्कको खिर

सुदूरपश्चिममा मात्र नभएर कतिपय पूर्वि भेगमा पनि नाम चलेको बाजे को खिर पसल गन्यापधुरा गाँउपालिकाको वडा नं.१ शाहुखर्क क्षेत्रमा पर्दछ । धनगढी डडेल्धुरा भिमदत्त राजमार्गमा पर्ने शाहुखर्क क्षेत्रमा रहेका बाजेको खिर पसल मात्र होईन अन्य थुप्रै खिर पसलहरुले यो बाटो भएर यात्रा गर्ने थुप्रै यात्रुहरु लाई खिर खुवाएको छ ।











## यस क्षेत्रको बासमती धान

गन्यापधुरा गाँउपालिकाको वडा नं.१ र ३ लाई अन्नको भण्डार मानिन्छ। गाँउपालिकाको वडा नं.३ को सकायल क्षेत्र अन्न उत्पादनका लागी कहलिने भए पनि गाँउपालिकाको वडा नं.१ रुवाखोला क्षेत्र लाई पनि अन्न उत्पादनको लागी विशेष मानिन्छ । यसै वडाको शाहुखर्क क्षेत्रमा खुलेका अधिकांस खिरपसलहरु लाई रुवाखोलाले चामल विक्रि गरिरहेको हुन्छ । यो क्षेत्र बासमती धानको लागी पनि नाम चलेको क्षेत्र हो ।

## गड्डी भैसी

जसरी अछामको नौ मुठे गाईले प्रशिद्धि कमाएको छ त्यसै गरी डडेल्धुराको गन्यापधुरा क्षेत्रमा पाईने गड्डी भैसीले पनि चर्चा पाउने गर्दछ । भैसीको स्वभाव, भैसीले दुध दिने मात्रा आदीले यो भैसी लाई राम्रो प्रजातीको भैसी मानिन्छ । यो भैसीले ४२० दिन सम्म लगातार औषत ३.५ लिटर सम्म दुध दिने हुनाले यो भैसी किसानको लागी प्यारो छ । तर पछिल्लो समय यो भैसी लोप हुदै गईरहेको छ  र यसको संरक्षण का लागी गन्यापधुरा गाँउपालिका, प्रदेश सरकार र विभिन्न निकायहरु लागी परिरहेका छन् ।

## देवल

गन्यापधुरा गाँउापालिकाको वडा नं.३ मा पर्ने देवल मा यो एतिहासिक देवल देख्न सकिन्छ । स्थानियबासीहरुले दुर्गा कल्लु बिरको नामले बोलाउने यो देवल निकै पुरानो संरचना मानिन्छ । जाठहरुले बनाएको विश्वास गर्ने यो संरचना निकै कलात्मक देखिन्छ ।कुनै समय हरेक बर्ष बैशाख पूर्णिमामा मेला लाग्ने गरेकोमा विगत ५०-६० वर्ष यता मेला लागेको छैन । कापडी गाँउका कापडीहरु यहाँका मुख्यको धामीको रुपमा रहेका छन् ।



## नेउरेको धरमशाला

गन्यापधुरा गाँउपालिकाका विभिन्न स्थानमा एतिहासिक धरमशालाहरु भेटिन्छन् । प्राचिनकालमा यस क्षेत्र भएर यात्रा गर्ने पैदलयात्रु लाई बास बस्न सहज होस भनि निर्माण गरिएका धरमशाला लाई मानवताको नमुना मान्न सकिन्छ । गन्यापधुरा गाँउपालिकाको वडा नं.२ नेउरेखानमा रहेको यो नेउरेको धरमशाला २०११ सालमा निर्माण गरिएको थियो ।



## धामीको पहिरन

यस क्षेत्रमा रहेका विभिन्न देवस्थलका धामीहरुले लगाउने पहिरन अलि भिन्दै किसिमको हुने गर्दछ। सेतो कुर्ता सुरुवात, सेतो पटुकी तथा फेटा मुख्य पहिरनको रुपमा रहेको छ भने हातमा चादिको बाला र कानमा सुनको मुन्द्रा लगाउने गर्दछन् ।









## गन्यापधुरा भित्रका कृषि फर्मः किसानका लागी सिकाई केन्द्र

गन्यापधुरा गाँउपालिकाका विभिन्न वडामा रहेका व्यवसायिक कृषि फर्महरुले जिल्लामा मात्र होईन सुदूरपश्चिम प्रदेश स्तरमा नै प्रतिस्पर्द्धा गरिरहेका छन् । आलु पकेट क्षेत्रको रुपमा नाम कमाएको गन्यापधुरा गाँउपालिकाका कृषि फर्म हरुले ताजा तरकारी, बेमौसमी तरकारी, विभिन्न प्रजातीका च्याउहरु उत्पादन गरी सुदूर पश्चिमका सबै जिल्लाका साथै पूर्वि जिल्ला सम्म विक्रि गर्ने गरेको छ । यहाँ स्थित विभिन्न कृषि फर्महरुमा विद्यार्थि, किसान, कृक्षि क्षेत्रमा काम गर्ने कर्मचारी मात्र नभएर नीति निर्माण गर्ने तहमा बसेका व्यक्तित्वहरु अध्ययन अवलोकन भ्रमणका लागी आउने गरेका छन् ।



## यस क्षेत्रबाट देखिने हिमश्रृङ्खला

गन्यापधुरा गाँउपालिकाको वडा नं. १ शाहुखर्क क्षेत्र बाट हिमालय श्रृंखलाको निकै राम्रो दृश्यावलोकन गर्न सकिन्छ । पुष देखी चैत्र महिना सम्म हिमालय श्रृंखलाको दृश्यावलोकनको लागी निकै उपयुक्त मौषम मानिन्छ । उक्त समयमा शाहुखर्क क्षेत्रमा हिमपात भए संगै हिउमा रमाउन आन्तरिक पर्यटक तथा छिमेकी भारतीय सहरका पर्यटकहरु आउने गर्दछन् ।

**प्रकाशक**

**गन्यापधुरा गाँउपालिका,**

**गाँउकार्यपालिकाको कार्यालय**

**गणेशपुर डडेल्धुरा**

**परामर्शदाता :**

झिल्को मिडिया एण्ड कन्सलटेन्सी सर्भिस प्रा.ली.

अमरगढी नगरपालिका वडा नं.५, डडेल्धुरा

**प्रिन्टिङ्ग :**

कर्मा प्रेस प्रा. लि.

काठमाण्डौ

२०८२

**क्यामेरामेन : गणेश बहादुर मगर र  आकाश श्रेष्ठ ।  शव्द : राम धामी**